

# ४ पुरानो करारमा उल्लेखित आशा

<u>यस अध्यायका मूल पदहरू:</u> अय्यूब १९:२५-२७; १ तिमोथी ६:१६; भजन ४९; भजन ७१; यशैया २६:१४,१९ र दानिएल १२।

<u>यस अध्यायको मूल सार पद:</u> **"परमेश्वरले अब्राहामको जाँच गर्नुहुँदा विश्वासकै भरमा अब्राहम आफ्ना छोरा इसहाकलाई बलिदान गर्न तयार भए। परमेश्वरले अब्राहमलाई नै प्रतिज्ञा गर्नुभएको थियो, तर पनि अब्राहम आफ्नो एउटै छोरालाई बलिदान चढाउन राजी भए। परमेश्वरले उनलाई प्रतिज्ञा गर्नुभएको थियो, "इसहाकबाट नै तिम्रो वंश बढ्नेछ।" इसहाक मरे पनि परमेश्वरले बिउँताउन सक्नुहुन्छ भनेर अब्राहमले विश्वास गरे अनि साँच्चै एक किसिमले इसहाकलाई मृत्युबाट बिउँतेको जस्तै नै फेरि पाए।" हिब्रू ११:१७-१९।**

**पौराणिक ग्रीक** र कतिपय धर्म, दर्शनले मानिस स्वभावैले अमर छ भन्ने धारणामा आशा आधारित छ भने पुरानो करारको आशा मृत्युपछि अन्तिम पुनरुत्थान हुनेछ भनेर बाइबलले सिकाएको शिक्षामा आधारित छ।

तर खरानी, माटो वा अरू कुनै माध्यमबाट नाश भएको र अस्तित्व नभएको शरीर फेरि कसरी जीवित हुनसक्छ र? मरिसकेका र हजारौं वर्षदेखि अस्तित्वहिन भएका मानिसहरू फेरि कसरी पहिलाको जस्तो अवस्थामा फर्किन सक्छ र वा तिनीहरूको पहिचान कसरी गर्ने?

ती सबै प्रश्नहरूले हामीलाई जीवनको रहस्यको बारेमा सोच्न वाध्य बनाउँछ। अहिले हामी जीवित छौं र परमप्रभुको अनुग्रहले प्रदान गरिएको जीवन दिनदिनै रमाइलोसँग बिताइरहेकाछौं। जीवनको अलौकिक सृष्टिको बारेमा हामीलाई केही थाहा नहुन सक्छ तर बाइबल अनुसार सुरुमा अस्तित्व विहिन थोकबाट परमप्रभुले मानिस सृष्टि गर्नुभएको थियो (उत्पत्ति १; भजन ३३:६,९) भनेर हामीलाई जानकारी गराइएको छ। त्यसकारण, सुरुमै केही

नभएको थोकबाट (ल्याटिन भाषामा एक्स निहिलो *ex nihilo* ) सबै थोक सृष्टि गर्नुभयो भने मानव जीवनलाई पुनसृष्टि गर्ने र सुरुकै पहिचानमा पुनर्स्थापित गर्ने उहाँको सामर्थ्यप्रति हामी किन शङ्का गर्ने?

अन्तिम पुनरुत्थानको बारेमा पुरानो करारले उघारेको विषयलाई यस अध्यायमा हामी हेर्नेछौं। अय्यूब, भजनका लेखकहरू र यशैया र दानिएल अगमवक्ताहरूले त्यस विषयमा उल्लेख गरेका वचनहरू हामी हेर्नेछौं।

## १. "मैले परमप्रभुलाई देख्नेछु"

**देहायका अय्यूब १९:२५-२७ पदहरू यूहन्ना १:१८ र १ तिमोथी ६:१६सँग तुलना गरेर पढ्नुहोस्। कुन परिस्थिति र कहिले अय्यूबले परमप्रभुलाई देख्न अपेक्षा गरेका थिए? हेर्नुहोस्, "तर म जान्दछु कि मेरो उद्धारकर्ता जीवित हुनुहुन्छ र आखिरमा उहाँ नै मेरो पक्षमा खडा हुन आउनुहुनेछ। रोगले मेरो छाला खाइसके पनि यही जीवनमा म परमेश्वरलाई देख्नेछु। म उहाँलाई आफ्नो आँखाले देख्नेछु। अनि उहाँ बिरानो हुनुहुनेछैन।" अय्यूब १९:२५-२७; "परमेश्वरलाई कसैले पनि कहिल्यै देखेको छैन। तर परमेश्वरसँग हुनुहुने एकमात्र पुत्रले उहाँलाई देखाउनुभएको छ।" यूहन्ना १:१८ र "उहाँ सधैंभरि रहने र कोही पुग्न नसक्ने उज्यालोमा रहनुहुन्छ। उहाँलाई कसैले पनि अहिलेसम्म देखेको छैन र देख्न पनि सक्दैन। सधैंभरि रहने शक्ति र आदर उहाँमै रहोस्। आमेन।" १ तिमोथी ६:१६।**

यस संसारमा जीवन उचित वा न्यायोचित देखिन्दैन। विशेष गरेर असल र धर्मी मानिसहरू अनेकौं दुःखकष्ट र पीडामा रहेका र दुष्ट, पापी, अधर्मी र भ्रष्टाचार र हत्या गर्नेहरू झन झन उन्नति भइरहेको हामीले देख्न बाध्य भइरहेको अवस्थालाई (हेर्नुहोस् भजन ७३:१२-१७, मलाकी ३:१४-१८ मा परमप्रभुलाई विश्वास गर्नेहरूको गुनासो) हामीमा वेदना हुन्छ। उदाहरणमा, अय्यूब निर्दोषी, धर्मी र सिधा अनि परमप्रभुप्रति श्रदा राख्थे र खराब कुराहरूबाट अलग बस्थे (अय्यूब १:१)। तैपनि उनलाई धेरै विपत्तिहरू आउन दिन परमप्रभुले नै सैतानलाई अनुमति दिनुभयो। शारीरिक रूपमा, उनको शरीर दर्दनाक रोगले बरबाद पारिएको थियो (अय्यूब २:१-८)। भौतिक कुरामा उनले आफ्ना घरपालुवा पशुहरू र सम्पत्ति ठूलोमात्रामा गुमाउनु परेको थियो (अय्यूब १:१३-१७)। आफ्नै घर परिवारमा उनका नोकर चाकर र आफ्नै छोराछोरीहरू उनले गुमाएका थिए (अय्यूब

१:१६,१८)। भावनात्मक रूपमा हेर्ने हो भने उनलाई साथीहरूले घेरेका थिए जसले उनलाई पापी अधर्मी र उनलाई जे भयो त्यो उनकै पापले गर्दा भएको थियो र सो ठिकै थियो भनेर दोष लगाइरहेका थिए (अय्यूब ४:१-५:२७, ८:१-२२, ११:१-२० आदि)। आफ्नै श्रीमतीले उनीप्रति झर्को मानेर भन्दै थिइन्, "के यो यस्तो भएपनि तिमी आफ्नो निष्ठामा नै रहन्छौं? परमप्रभुलाई सराप र मर वा आत्महत्या गर!" (अय्यूब २:)।

तर अय्यूबलाई थाहा थिएन किन उनी जगतमा परमप्रभु र सैतानको बीचमा भइरहेको महान् बादविवादको मूल केन्द्रविन्दु भएका थिए। रोग र व्याधीले संघर्ष गरिरहेका अय्यूबले आफ्नै जन्मप्रति पछुताव गरेका थिए र कहिल्यै नजन्मेपनि हुने थियो भनेर उनले चिताएका थिए (अय्यूब ३:१-२६)। तैपनि परमप्रभुप्रति बिनाशर्तको निष्ठालाई यसरी बढो भावुक तरिकाले व्यक्त गर्दछन्, " उहाँले मलाई मार्नुभएतापनि म उहाँमाथि भरोसा राखिछोड्छु" (अय्यूब १३:१५ रूपान्तरित)। आफ्नो अन्त हुन्छ भनेर कल्पनानै गरेतापनि अय्यूबक निम्ति मृत्यु अन्तिम होइन भनेर उनलाई थाहा थियो। अत्यन्तै बलियो विश्वास गरेर उनले भन्छन् कि उनी मरेपनि उनले आफ्नै हाडछाला वा भौतिक शरीरले परमप्रभुलाई देख्न पाउनेछन (अय्यूब १९:२५-२७)। "यो कुनै भ्रमबिना पुनरुत्थानको झल्को अय्यूबले देखेका थिए।"-*द एसडिए बाइबल कमेन्टरी,* ठेली ३, पृ. ५४९बाट रूपान्तरित।

त्यस्तो दुःख र वियोगको बीचमा अय्यूको आशा कस्तो महिमित थियो! बिमार, पीडा, दर्द, आर्थिक स्थिति धरासयी भएको बीचमा, समाजबाट छिछि दुरदुर गरेको अवस्थामा र भावनाहरू पनि चक्नाचुर भइरहेको बेलामा पनि अय्यूबले त्यस दिनको अपेक्षा गरिरहेका थिए जब उनी मृत्युबाट पुनरुत्थान भएर उनको प्रिय उद्धारकर्तालाई उनले देख्नेछन्। यथार्थमा, अय्यूबले पुनरुत्थानको बारेमा व्यक्त गरेको आश्वासनले भरिएको धारणालाई शताब्दीयौं पछि मार्थाले येशूलाई व्यक्त गरेकि थिइन्, "मलाई थाहा छ कि अन्तिम दिनमा लाजरस फेरि बौरिउठ्नेछन्" (यूहन्ना ११:२४)। अय्यूबले पनि मार्थाले जस्तै यो प्रतिज्ञालाई विश्वासद्वारा दावी गरेका थिए। त्यो प्रतिज्ञा तुरन्तै शक्तिशालीरूपमा पूरा भएको मार्थाले जस्तै अय्यूबले देख्न नपाएतापनि उनले परमप्रभुप्रति आफ्नो निष्ठा कायम नै राखेका थिए।

**अनेकौं रुखो, अन्यायी, औचित्यविहिन देखिएको जीवनमा पनि परमप्रभुप्रति भरासो राख्न हामीले कसरी सिक्ने?**

## २. चिहानको शक्तिबाट

भजन ४९मा आफ्नो अन्तिम पुनरुत्थानको बारेमा लेखकले पद १५मा व्यक्त गरेका छन्। त्यसको बिपरित आशाविहिन र दुष्टहरूको नाशको बारेमा पनि पद ४९-१४मा उनले उल्लेख गरेका छन्। हेर्नुहोस्, " १ हरेकले यो सुन, सारा जगत्मा मानिसहरूले कान थाप! २ ठूला-साना, धनी-गरीब र सबैले एकसाथ यो कुरा सुन। ३ मेरा विचारहरू स्पष्ट हुनेछन्, म बुद्धिका कुरा भन्नेछु। ४ म उखानतिर मेरो ध्यान लगाउनेछु र वीणा बजाएर म त्यसका अर्थ खोल्नेछु। ५ शत्रुहरूले मलाई घेर्दा, खतराका समयमा पनि म डराउनेछैनँ, ६ आफ्ना ठूले धनको अहङ्कार गर्ने र आफ्नो सम्पत्तिमाथि भरोसा गर्ने दुष्ट मानिसहरू देखि। ७ मानिसले कहिल्यै आफ्नै उद्धार गर्न सक्दैन, उसले परमेश्वरलाई आफ्नो प्राणको मूल्य तिर्न सक्दैन। ८ किनकि मानिसको प्राण बहुमूल्य छ, उसले जति तिर्न सक्छ, त्यो पुग्दो हुँदैन। ९ त्यसले चिहानदेखि उसलाई बचाउँदैन र सधैँभरि जिउँदो राख्न सक्दैन। १० सबैले देख्न सक्छन् कि जसरी मूर्ख र निर्बुद्धि मानिसहरू मर्छन्, त्यसरी नै बुद्धिमान् मानिसहरू पनि मर्छन्, तिनीहरू सबैले आफ्ना धन-सम्पत्ति छोरा-नातिलाई छोडिराख्छन्।११ कुनै समयमा तिनीहरूको आफ्नै जग्गा-जमिन भए पनि आफ्ना चिहान मात्र तिनीहरूका सदाकालका घर हुन् र त्यहीं तिनीहरू सधैँभरि बास गर्छन्।१२ मानिसको महान्ताले उसलाई मृत्युबाट बचाउन सक्दैन, पशुजस्तै ऊ मर्नु नै पर्छ। १३ आफैंमाथि भरोसा राख्नेहरूलाई के हुन्छ, हेर। आफ्ना धन-सम्पत्ति अघाएर बस्नेहरूको के गति हुन्छ, हेर। १४ तिनीहरू भेडाझैं मरेर जानेछन् र मृत्युले तिनीहरूलाई खानेछ। धर्मीहरूले तिनीहरूमाथि विजय गर्नेछन्, तिनीहरूका शरीरचाहिँ मृत्युलोकमा आफ्ना घरदेखि टाढामा चाँडै सडेर जानेछ। १५ तर परमेश्वरले मेरो उद्धार गर्नुहुनेछ। उहाँले मलाई मृत्युको शक्तिदेखि बचाउनुहुनेछ। १६ कुनै मानिस धनी हुँदा, उसको धन धेरै बढेर जाँदा व्याकुल नहोओ, १७ ऊ मर्दा त्यो धन आफूसित लिएर जान सक्दैन, त्यो धन उसले चिहानमा लैजानेछैन। १८ मानिस आफ्नो जीवनसँग सन्तुष्ट छ भने पनि र सफल भएर उसले मानिसको प्रशंसा पाएको भए पनि १९ मृत्युमा ऊ आफ्ना पुर्खाहरूसँग मिल्न जानेछ र त्यहाँ सदासर्वदा अन्धकार रहनेछ। २० मानिसको महान्ताले उसलाई मृत्युबाट बचाउन सक्दैन, पशुजस्तै ऊ मर्नु नैपर्नेछ" भजनसंग्रह ४९।

**धेरै** धनसम्पत्ति थुपारेर (पद ६) अभिमान गर्नेहरू कस्ता मूर्ख छन् भनेर भजन ४९मा उल्लेख गरिएको छ। आफ्नै लागिमात्र जग्गा जमिन थुपार्नेहरू (पद ११) र आफ्नै हितको निम्तिमात्र स्वार्थी जीवन बिताउनेहरूले (पद १८) मरेपछि केही लान सक्दैनन् भनेर लेखकले ठोकुवा गर्दछन्। ती मानिसहरूले आफ्ना घरहरू र आफ्नै महिमा, मान सम्मान सदाको निम्ति रहनेछ भनेर तिनीहरू चल्दछन् (पद ११,१७)।

तर मूर्खहरूले तिनीहरूको सबै सरसम्मान, प्रतिष्ठाहरू पशु सरह नै नाश हुन्छन् भनेर सोच्दैनन्न (पद १२)। "तिनीहरू भेडाझैं मरेर जानेछन् र मृत्युले तिनीहरूलाई खानेछ।... तिनीहरूका शरीरचाहिँ मृत्युलोकमा आफ्ना घरदेखि टाढामा चाँडै सडेर जानेछ।" भजनसंग्रह ४९:१४।

सयौं वर्ष अघि अय्यूवले त्यसरी नै व्यक्त गरेका थिए, “म आफ्नी आमाको गर्भबाट नाङ्गै आएँ र म नाङ्गै फर्केर जानेछु।"अय्यूब १:२१। यो व्यक्त गरेको हजारौं वर्पपछि पावलले पनि यही व्यक्त गरेका थिए, "जन्मँदा हामीले के लिएर आयौं? अनि मर्दा के पो लिएर जानेछौं र?" १ तिमोथी ६:७। दुवै मूर्ख र बुद्धिमानी वा धर्मी आफ्ना धनसम्पत्ति अरूलाई उपभोग गर्न छोड्नुपर्छ भनेर भजनका लेखकले औंल्याउँछन् (भजन ४९:१०)।

तर मूर्ख र धर्मी तथा बुद्धिमानीको बीचमा धेरै अन्तर छ। मूर्खहरू त आफ्नै क्षणिक धनसम्पत्ति, मान मर्यादा र कदरहरूद्वारा बाँच्न चाहन्छन्, तर तिनीहरू नाश हुनेछन्। तर बुद्धिमानी अर्थात् परमप्रभुलाई विश्वास गर्नेहरू अहिलेको मानव यात्राभन्दा अपारतिर हेर्दछन् र चिहानको कैदबाट उम्किनेछन्। तिनीहरूको निम्ति महिमित इनाम परमप्रभुले सुरक्षित राख्नुभएको छ (१ पत्रुस १:४)। यो दृष्टिकोणलाई मध्य नजरमा राखेर भजनको लेखकले ढुक्क भएर व्यक्त गर्दछन्, "तर परमेश्वरले मेरो उद्धार गर्नुहुनेछ। उहाँले मलाई मृत्युको शक्तिदेखि बचाउनुहुनेछ।" भजनसंग्रह ४९:१५।

पुरानो करारमा अन्त व्यक्त गरिएको धारणा वा आशासँग सहमति जनाउँदै आफू मरेपछि आफ्नो आत्मा वा प्राण सिधै स्वर्गमा उडेर जान्छ भनेर भजनका लेखकले भन्दैनन्। आफू चिहानमा सधैं रहिरन्दैन वा चिर निन्द्रामा रहँदैन भनेर भजनको लेखकले भनिरहेका थिए। समय आउनेछन् जब परमप्रभुले उनलाई मृत्युबाट छुट्कारा दिनुहुनेछ र उनलाई स्वर्गको दरवारमा लगिने छ भनेर आफ्नो विश्वास व्यक्त गरेका थिए।

यहाँ पनि भविष्यको पुनरुत्थानको निश्चयतालाई चित्रण गरेको छ। यस जीवन अर्थपूर्ण छ, हामी आशाको आश्वासनमा बाँचिरहेका छौं भनेर भजनका लेखकले व्यक्त गर्दछन्। त्यसकारण यस जीवनको छोटो अवधिमा मूर्खहरूले आफ्नो निम्ति जे जम्मा गरेतापनि बुद्धिमानी वा धर्मीहरूले महिमित र अनन्तको इनाम पाउनेछन् भनेर हामी सबै ढुक्क हुनुपर्दछ।

**आफ्नै धनसम्पत्ति, मर्यादा, कदर, सम्मानमात्र खोजेर खुशी हुन खोज्नु कतिको मूर्खता रहेछ भनेर के तपाईंले थाहा पाउनुभएको छ? तपाईंको आँखा क्रूसमै मध्यनजर राखेर चल्दा ती गलत धारणाबाट तपाईं कसरी सुरक्षीत हुन सक्नुहुन्छ?**

## ३. "पृथ्वीको गहिऱ्याइबाट"

**भजन ७१ पढ्नुहोस्। उनलाई पृथ्वीको गहिऱ्याइबाट निकालिदिनुहोस् ( भजन ७१ः २०) भनेर भजनका लेखेकले भनेको अर्थ के हो? हेर्नुहोस्, " १ हे परमप्रभु! रक्षाको निम्ति म तपाईंको शरण परेको छु, मेरो हार कहिल्यै हुन नदिनुहोस्! २ तपाईं धर्मी हुनुहुन्छ, यसकारण मेरो सहायता र रक्षा गर्नुहोस्, मेरो बिन्ती सुन्नुहोस् र मलाई बचाउनुहोस्! ३ मेरो रक्षाको लागि बलियो गढी र दरिलो आश्रय बन्नुहोस्, तपाईं मेरो शरणस्थान र ढाल हुनुहुन्छ। ४ मेरा परमेश्वर! दुष्ट मानिसहरूदेखि मेरो उद्धार गर्नुहोस्, निष्ठुरी र दुष्टको शक्तिबाट मलाई रक्षा गर्नुहोस्। ५ सार्वभौम परमप्रभु! म तपाईंमा आशा राख्दछु, मैले युवा अवस्थामै तपाईंमा भरोसा राखेको छु। ६ म जीवनभरि तपाईंमा भर परेको छु, म जन्मेको दिनदेखि तपाईंले मेरो रक्षा गर्नुभएको छ, म सधैं तपाईंको प्रशंसा गर्नेछु। ७ मेरो जीवन धेरै जनाको निम्ति नमुना बनेको छ किनभने तपाईं मेरो प्रतापी रक्षक हुनुभएको छ। ८ दिनभरि म तपाईंको प्रशंसा गर्दछु र तपाईंको महिमाबारे उच्च सोरले भन्छु। ९ अब बुढेस-कालमा मलाई इन्कार नगर्नुहोस्, म कमजोर भएको छु, मलाई नत्याग्नुहोस्। १० मेरा शत्रुहरूले मलाई मार्न खोज्छन्, तिनीहरूले मेरो विरुद्धमा कुरा गर्छन् र जाल रच्छन्। ११ तिनीहरू भन्छन्, "परमेश्वरले त्यसलाई त्याग्नुभएको छ, हामी त्यसलाई खेदेर पक्रौं, त्यसलाई बचाउने कोही छैन।" १२ हे परमेश्वर! यति टाढा नहुनुहोस्! हे मेरा परमेश्वर! मलाई मद्दत गर्न चाँडै आउनुहोस्। १३ ममाथि आक्रमण गर्नेहरूको हार होस् र तिनीहरू मारिऊन्। मलाई चोट लाउन खोज्नेहरू लाज र बदनाममा परून्।१४ म सधैं तपाईंमा आशा राख्नेछु, म तपाईंको झन् धेरै प्रशंसा गर्नेछु।**

**१५ म तपाईंको भलाइबारे भन्नेछु, दिनभरि म तपाईंको मुक्तिको विषयमा कुरा गर्नेछु, जुन मुक्तिबारे मैले पूरा बुझ्न पनि सकेको छैनँ। १६ हे सार्वभौम परमप्रभु, म तपाईंको सामर्थ्यको प्रशंसा गर्नेछु, तपाईंको भलाइबारे मात्र अरूलाई उच्च स्वरले भन्नेछु। १७ म युवा हुँदादेखि नै तपाईंले मलाई सिकाउनुभएको छ, तपाईंका उदेकका कामबारे म अझै बयान गर्दछु। १८ म अब बुढो भएको छु र मेरो केश फुलिसकेको छ, मलाई नत्याग्नुहोस्, हे परमेश्वर! पुस्ता-पुस्तालाई तपाईंको शक्ति र सामर्थ्यबारे उच्च स्वरले बताउँदा तपाईं मेरो साथ हुनुहोस्। १९ हे परमेश्वर, तपाईंको धार्मिकता आकाशसम्म पुग्दछ, तपाईंले महान् कार्यहरू गर्नुभएको छ। तपाईंजस्तो अरू कुनै छैन। २० तपाईंले मकहाँ दुःख-कष्ट पठाउनुभयो, तर मेरो बल फेरि नयाँ गरी फर्काइदिनुहुनेछ, पृथ्वीको गहिर्‍याइबाट फेरि मलाई माथि ल्याउनुहुनेछ। २१ तपाईंले मलाई अझ महान् बनाउनुहुनेछ र सान्त्वना फेरि दिनुहुनेछ। २२ हे मेरा परमेश्वर, तपाईंको विश्वासनीयताको निम्ति म वीणा बजाएर तपाईंको प्रशंसा गर्नेछु। हे इस्राएलका परमपवित्र, सारङ्गी बजाएर म तपाईंको प्रशंसा गर्नेछु। २३ तपाईंलाई प्रशंसा गर्दा म आनन्दले स्वर उचाल्नेछु, मेरो सारा प्राणले म गाउनेछु किनभने तपाईंले मलाई बचाउनुभएको छ। २४ म दिनभरि तपाईंको धार्मिकताको बारेमा भन्नेछु किनभने मलाई हानि गर्न खोज्नेहरू हारेका छन् र बदनाम भएका छन्" भजनसंग्रह ७१।**

भजन ४९मा पुनरुत्थानको बारेमा मनै छुने आशा व्यक्त गरिएको हामीले पढ्यौं। त्यसको विपरित केवल धन सम्पत्तिमात्र थुपार्ने र त्यसमाथि भरोसा राख्नेको अन्तिम गति के हुनेछ भनेरपनि हामी पढ्यौं। भजन ७१मा दाउदले परमप्रभुबाट सुरक्षा र आशालाई खोज्दछन् जब उनका शत्रुहरूले उनलाई घेर्दछन् र दोष लगाउने झुटा आरोपीहरूले उनलाई परमप्रभुले त्याग्नुभयो भनेर उनको मनस्थितिलाई पछार्न खोज्दछन् (भजन ७१:१०,११)।

त्यस विषम र पीडादायक परिस्थितिमा दाउदले विगतको समयमा परमप्रभुले कसरी सहयोग र स्याहार गर्नुभयो भनेर यदा गर्छन् र त्यसबाट उनले सान्त्वना पाउँदछन्। पहिले त, परमप्रभुले उनलाई जन्मैदेखि रखावाली गर्नुभएको थियो साथृ आमाको गर्भबाट नै उनलाई सुरक्षितपूर्वक निकालिएको थियो भनेर उनले महसुस गर्दछन् ( भजन ७१:६)। अनि युवाअवस्थादेखि नै

परमप्रभुले उनलाई शिक्षादीक्षा दिनुभएको थियो भनेर स्वीकार्दछन् (भजन ७१:१७)।

परमप्रभु उनको चट्टान र किल्ला हुनुभएकोले यो पुकार उहाँसँग गर्दछन्, "मेरो रक्षाको लागि बलियो गढी र दरिलो आश्रय बन्नुहोस्, तपाईं मेरो शरणस्थान र ढाल हुनुहुन्छ।" भजनसंग्रह ७१:३। "अब बुढेस-कालमा मलाई इन्कार नगर्नुहोस्, म कमजोर भएको छु, मलाई नत्याग्नुहोस्।" भजनसंग्रह ७१:९। "हे परमेश्वर! यति टाढा नहुनुहोस्! हे मेरा परमेश्वर! मलाई मद्दत गर्न चाँडै आउनुहोस्।" भजनसंग्रह ७१:१२। अनि दाउदले यो थप्दछन्, "तपाईंले मकहाँ दुःख-कष्ट पठाउनुभयो, तर मेरो बल फेरि नयाँ गरी फर्काइदिनुहुनेछ, मलाई पृथ्वीको गहिऱ्याइबाट निकाल्नुहुनेछ"। भजन ७१:२० (कुनै कुनै नेपाली बाइबलमा "मृत्युदेखि जोगाउनुहुनेछ" भनेर अनुवाद गरिएकोछ-अनुवादक)।

चाहे "मृत्युबाट जोगाइ राख्नुहोस्" भन्ने गरिएको कथन होस् वा "पृथ्वीको गहिऱ्याइबाट मलाई निकालिदिनुहोस्" भन्ने कथन होस्, यसले अझरसरूपमा भविष्यमा हुने लेखकको भौतिकरूपमै पुनरुत्थान हुने कुरालाई विश्वास गरेका थिए भनेर आभास् पाइन्छ। तर जुन परिवेशमा त्यो व्यक्त गरेका थिए त्यस परिवेशलाई हेर्दा भजनका लेखकको मनस्थिति अत्यन्तै नाजुक र उदासिन अवस्थामा थिए मानौं पृथ्वीले उनलाई निलिरहेकोछ (भजन ८८:६ र भजन १३०:१सँग तुलना गर्नुहोस्)। त्यसकारण त्यो भावना "विशेष गरेर आफ्नो वर्तमान भयाभव स्थितिलाई चित्रण गरेका थिए, तर उनको भौतिक पुनरुत्थान हुनेछ भन्ने आभास् पनि दिइन्छ।"-*आन्ड्रयस स्टडी बाइबल नोट अन भजन ७१:२०,* पृ. ७२६बाट रूपान्तरित।

अन्तमा आएर हामीले यो महत्त्वपूर्ण कुरो अङ्गाल्नु जरुरी छ कि जुनसुकै परिस्थितिमा हामी भएतापनि परमप्रभु सधैं नजिक हुनुहुन्छ, उहाँले हामीलाई वास्ता गर्नुहुन्छ र आखिरमा हाम्रो आशा यस संसारमा होइन तर आउनेवाला अनन्त जीवनमा छ। यो अनन्त जीवनको सुरु जब येशू फर्केर आउनुहुनेछ र हामी सबैलाई उहाँले पुनरुत्थान गर्नुहुनेछ।

**हाम्रो जीवनको यात्रामा हामी सबैलाई कुनै न कुनै भयानक क्षणहरूको अनुभव गरेका छौं र उदासिन पनि भएका छौं। विगत समयमा परमप्रभु तपाईंसँग कसरी रहनुभयो त्यसलाई सोच्दा भविष्यमा पनि तपाईंसँग हुनुहुनेछ भन्दै उहाँमा विश्वास र भरोसा राख्दै तपाईं कसरी अघि बढ्न सक्नुहुन्छ?**

कहिलेकाहीं परमप्रभु तपाईंबाट टाढा हुनुभएको अनुभव होला, तर वास्तविकरूपमा उहाँ तपाईंकै नजिक हुनुहुन्छ भन्ने कुरामा आश्वासित हुनुहोस्।

## ४. "तिम्रा मरेकाहरू जिउनेछनेछन्"

देहायका पदहरू पढ्नुहोस्। सधैंको निम्ति नाश हुने र अनन्त जीवन पाउनेहरूको बीच के ठूलो अन्तर छ? " अब तिनीहरू मरेका छन् र फेरि जिउँनेछैनन्, तिनीहरूका आत्मा वा प्राण जाग्नेछैनन् किनभने तिनीहरूलाई तपाईंले दण्ड दिएर नाश गर्नुभएको छ। कसैले अब तिनीहरूलाई याद गर्दैन।....तपाईंका मरिगएका मानिसहरू फेरि जिउनेछन्, तिनीहरूका शरीर जीवित भई उठ्नेछन्। आफ्ना चिहानभित्र सुत्नेहरू सबै उठ्नेछन् र आनन्दले गाउँनेछन्। टल्कने शीतले जमिनलाई स्वच्छ पारेझैं परमप्रभुले पहिले मरेकाहरूलाई फेरि जीवित पार्नुहुनेछ।" यशैया २६:१४,१९ र " १ सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "त्यो दिन आउँदै छ, त्यो दिनचाहिँ आगोको भट्टीजस्तै जल्नेछ, तब सबै घमण्डी र दुष्ट मानिसहरू परालजस्तै हुनेछन् र आइरहेको त्यो दिनले तिनीहरूलाई जलाइदिनेछ। त्यस्तो हुनेछ कि न त जरा न हाँगा नै रहनेछ। २ तर तिमीहरू मेरा आज्ञापालन गर्नेहरूमाथि मेरो उद्धारको शक्ति सूर्य उदाएझैं आउनेछ र त्यसले सूर्यको किरणजस्तै चङ्गाइ ल्याउनेछ। गोठबाट फुक्का छोडिएका बाछाहरूझैं तिमीहरू खुसीले उफ्रनेछौ। ३ जुन दिन म यो काम गर्नेछु, त्यो दिन तिमीहरूले दुष्टहरूलाई कुल्चनेछौ र तिनीहरू तिमीहरूका पैतालामुनिका धुलोझैं हुनेछन्।" मलाकी ४:१-३।

परमप्रभुको महान् गौरव र हाम्रा मानवीय कमजोर र दुर्वलताको बीचमा भएको मूख्य अन्तरलाई यशैयाको पुस्तकले प्रस्तुत गर्दछ (यशैया ४०ले यस मामिलामा विस्तृतरूपमा वाख्या गर्दछ)। हामी घाँस जस्तै सुकेर जान्छौं र फूल जस्तो ओइलाउँछौं, तर परमप्रभुको वचन सधैंभरि रहन्छ (यशैया ४०:६-८)। हामी पापी, कमजोर,दुर्वल, दुष्ट र खराब भएतापनि परमप्रभुको उद्धार गर्ने अनुग्रह सबै मानव जातिको निम्ति उपलब्ध छ। यसमा कुनै जाति, वर्ण, राष्ट्र, नर वा नारी भन्ने भेद छैन। बाइबलमा उपलब्ध गराएको मुक्ति केवल इस्राएलीहरूको निम्तिमात्र होइन तर अयहूदी वा समस्त मानव जातिको निम्ति हो, जसले उहाँको करारालाई अङ्गाल्छन् र उहाँको साबथको पालना गर्दछन् (यशैया ५६)।

पुनरुत्थानको आशा यशैयाको पुस्तकमा उल्लेखनीयरूपमा फराकिलो छ। पहिला हामीले हेरेका बाइबलका लेखकहरूले पुनरुत्थानको बारेमा चर्चा गर्दा प्रायजसो आफ्नो व्यक्तिगत रूपमा र व्यक्तिगत दृष्टिकोणले प्रस्तुत गरेका थिए (अय्यूब १९:२५-२७, भजन ४९:१५, भजन ७१:२०)। यशैयाले पुनरुत्थानको मामिलामा आफूलाईमात्र होइन करारमा रहेका विश्वासीहरूको समूहलाई समेतेका थिए (यशैया २६:१९)।

दुष्ट र धर्मीको भविष्यको बारेमा उल्लेखनीय भिन्नता भएको यशैया २६ले वर्णन गर्दछ। एकातिर दुष्टहरू मरेकै मरै वा चिर निन्द्रमा नै रहनेछन्। तिनीहरूलाई फेरि कहिल्यै बिउँताउनेछैन वा हजार वर्षपछि तिनीहरूलाई बिउँत्याइएतापनि तिनीहरू फेरि मर्नेछन् र तिनीहरूको अस्तित्व नै बिलाउनेछन् (प्रकाश २१:८)। तिनीहरू पूरै नाश हुनेछन् र तिनीहरूमा भएका सम्झनाहरू सदाको निम्ति नाश हुनेछन् (यशैया २६:१४)। यस अंशले हामीलाई सिकाउँदछ कि मानिस मरेपछि उसको आत्मा वा प्राण बाँचेर घुमिरहन्छ भन्ने अरूहरूको मनगढन्ते धारणालाई सरासर अस्वीकार गर्दछ। दुष्टहरूको अन्तिम बिनाश जुन सहस्र वर्षपछि हुनेछ तिनीहरू पूरै जलेर नष्ट हुनेछ भनेर प्रभुले उल्लेख गर्नुभएको छ। उहाँले ठोकुवा गरेर भन्नु हुन्छ, "सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, “त्यो दिन आउँदै छ, त्यो दिनचाहिँ आगोको भट्टीजस्तै जल्नेछ, तब सबै घमण्डी र दुष्ट मानिसहरू परालजस्तै हुनेछन् र आइरहेको त्यो दिनले तिनीहरूलाई जलाइदिनेछ। त्यस्तो हुनेछ कि न त जरा न हाँगा नै रहनेछ।" मलाकी ४:१-२।

अर्कोतिर हेर्दा परमप्रभुमा आस्था, भरोसा, निष्ठा राखेर धर्मी भएर मरेकाहरू पनि मृत्युबाट पुनरुत्थान हुनेछन्, तर तिनीहरूले अनन्त जीवन पाउनको निम्ति। यशैया २५:८मा यो वचन उल्लेख गरिएकोछ, "जातिहरूमाथि झुन्डिरहेको शोकको बादल उहाँले हटाइदिनुहुनेछ। सार्वभौम परमप्रभुले सधैँभरिका लागि मृत्युलाई नाश गर्नुहुनेछ! उहाँले प्रत्येकका आँखाबाट आँसु पुछिदिनुहुनेछ र सारा जगत्मा आफ्ना प्रजाले भोगेका बदनाम हटाइदिनुहुनेछ। परमप्रभु आफैंले यो कुरा भन्नुभएको छ!" यशैया २५:७-८। यशैया २६:१९मा यसरी लेखिएको छ, "तपाईंका मरिगएका मानिसहरू फेरि जिउनेछन्, तिनीहरूका शरीर जीवित भई उठ्नेछन्। आफ्ना चिहानभित्र सुत्नेहरू सबै उठ्नेछन् र आनन्दले गाउँनेछन्।टल्कने शीतले जमिनलाई स्वच्छ पारेझैं परमप्रभुले पहिले मरेकाहरूलाई फेरि जीवित पार्नुहुनेछ।"

पुनरुत्थान भएका सबै धर्मी जनहरू परमप्रभुले सबै मानिसहरूको निम्ति तयार पार्नुभएको भोजमा आनन्दसाथ सामेल हुनेछन् (यशैया २५:६)। अन्तिम पुनरुत्थानमा सबै युगमा मरेमा धर्मी जनहरू र ख्रीष्टमा मरेका हाम्रा प्रियजनहरू परमप्रभुको राज्यमा जम्मा हुनेछन्।

**तपाईंमा केही आशा छैन भनेर कल्पना गर्नुहोस् न त कुनै आश्वासन नै। हाम्रो मृत्यु केवल यस संसारमा हुने अन्त्यमात्र हो। अझ हामीभन्दा अघि मरेका धर्मी जनहरू सदाको निम्ति अलप हुन्छन् र सदाको निम्ति मरेर जानेभएकोले हाम्रो अस्तित्वको अर्थ नै के होर भन्ने सोचमा तपाईं हुनुहुन्छ रे। हामीमा भएको पुनरुत्थानको आशाको विपरित त्यो धारणा कस्तो छ?**

## ५. धुलोमा सुत्नेहरू

नयाँ करारले मरेकाहरूको पुनरुत्थानको बारेमा धेरै चर्चा गरेको हामी हेर्नेछौं। मरेकाहरूको पुनरुत्थान हुन्छ भन्ने मामिलामा पुरानो करारले गरेको चर्चा हामीले हेऱ्यौं। पुरानो करारका पात्रहरूले मरेकाहरूको पुनरुत्थान हुनेछ भन्ने कुरामा हामीले जस्तै तिनीहरू पनि आशावादी थिए। येशूको समयमा रहेकी मार्थामा त्यही आशा थियो (यूहन्ना ११:२४)। त्यसको अर्थ कतिपय यहूदीहरूमा अन्तिम दिनमा पुनरुत्थान हुन्छ भन्ने कुरालाई विश्वास गरेका थिए, तर कतिपयले विश्वास पनि गरेका थिएनन् (प्रेरित २३:८)।

**पुरानो करारका अगमवक्ताहरूमा दानिएल पनि एक महान् अगमवक्ता थिए। उनले पनि पुनरुत्थानमा आशा राखेका थिए। हेर्नुहोस्, दानिएल १२, "१ सुती वस्त्र पहिरेका स्वर्गदूतले भन्दैगए, "त्यस बेला हाम्रा मानिसहरूको रक्षा गर्ने महान् राजकुमार मिखाएल देखापर्नेछन् । तब यस्तो सङ्कष्टको समय आउनेछ कि जातिजातिको सुरु भएको समयदेखि त्यस बेलासम्म त्यस्तो समय कहिल्यै आएको थिएन। त्यो समय आउँदा परमेश्वरको पुस्तकमा नाम लेखिएका तिम्रा सबै मानिसहरू बाँच्नेछन्।** २ पृथ्वीको धुलोमा सुतिरहेका भिडहरू उठ्नेछन्, **कतिले अनन्त जीवन पाउनेछन्, कतिले अनन्त दण्ड भोग्नेछन्। ३ ज्ञानी अगुवाहरू आकाशमा चहकिलो प्रकाशले चम्कनेछन्। अनि धेरै मानिसहरूलाई सुकर्म गर्न सिकाउनेहरूचाहिँ ताराहरूझैं सदा चम्कनेछन्।"** ४ उनले मलाई भने, **"हे दानिएल, अब पुस्तक बन्द गर र संसारको अन्त्य नआइन्जेल त्यसलाई मोहोर-छाप लाएर राख। त्यो समयमा धेरै जनाले आफ्नो ज्ञान बढाउन व्यर्थमा दौड-धूप गर्नेछन्।" ५ त्यसपछि मैले नदीका दुवै किनारमा एक-एक जना**

मानिस उभिएको देखें। ६ ती दुईमध्ये एक जनाले माथिल्लोपट्टि उभिरहेका सुती
कपडा पहिरिएका स्वर्गदूतलाई सोधे, "यी अचम्मका कुराहरू हुन कति समय
लाग्ला?" ७ उनले आफ्ना दुवै हात आकाशतिर उचाले र अनन्त परमेश्वरको
नाममा एउटा गम्भीर प्रतिज्ञा गरे। मैले उनले यसो भन्दैगरेको सुनें, "साढे तीन
वर्ष लाग्नेछ। जब यी सबै कुरा भइसकेका हुनेछन्; तब परमेश्‌वरको
प्रजामाथिको अत्याचारको पनि अन्त्य हुनेछ।" ८ उनले भनेका कुरा मैले सुनें
तर त्यसको अर्थ बुझिनँ। यसकारण मैले सोधें, "हजुर, यी सबै कुराको अन्त्य
कस्तो हुनेछ?" ९ उनले उत्तर दिए, "दानिएल, तिमी अब जानैपर्छ किनभने यी
कुराहरू गुप्तमै राख्नुपर्नेछ र अन्त्य नआएसम्म यी लुकाएरै राख्नुपर्नेछ। १०
धेरै मानिसहरू पवित्र, निष्कलङ्क र निर्मल पारिनेछन्। दुष्टहरूले केही बुझ्नेछैनन्
र दुष्ट काम गरि नै रहनेछन्। ज्ञानीहरूले मात्र यी कुरा बुझ्नेछन्। ११
"दैनिक बलिदानहरू रोकिएको दिनदेखि अर्थात् भयानक नाशकर्ताको दिन सुरु
भएदेखि १२९० दिनहरू बितिजानेछन्। १२ ती मानिसहरू धन्यका हुन् जसले
१३३५ दिन बितुञ्जेलसम्म आफ्ना विश्वास जोगाइराख्नेछन्! १३ "अनि हे
दानिएल, तिमी अन्त्यसम्म विश्वासयोग्य भइरह। त्यसपछि तिमी मर्नेछौ; तर
समयको अन्त्यमा तिमी आफ्नो इनाम लिन जीवित भई उठ्नेछौ।"

दानिएल १२:१मा मिखाएललाई "महान् राजकुमार" (नेपाली बाइबलमा प्रधान स्वर्गदूत वा प्रधान राजकुमार भनेर सम्बोधन गरेको छ। तर किङ्ग जेम्स सहित अधिकाँस अङ्ग्रेजी बाइबलहरूमा महान् राजकुमार भनेर सम्बोधन गरिएको छ-अनुवादक)। त्यो को हो भन्ने कुरामा धेरै विवादस्पद छ। दानिएलले देखेका प्रत्येक महान् स्वप्नदर्शनको अन्त्यमा ख्रीष्ट र उहाँको राज्य प्रकट हुने कुराका चर्चा गरेका छन्। दानिएल १२:१मा पनि त्यही अर्थ लागु हुनुपर्दछ। दानिएलको पुस्तकमा त्यही ईश्वरीय व्यक्तिलाई "सेनाहरूको राजकुमार" (दानिएल ८:११), "राजकुमारहरूका राजकुमार" (दानिएल ९:२५) र अन्तमा "मिखाएल, महान राजकुमार" भनेर सम्बोधन गरिएको छ। त्यसैकारण, मिखाएल भनेर सम्बोधन गर्दा ख्रीष्टलाई सम्बोधन गरेको भनेर हामीले मान्नुपर्दछ। पुरानो करारमा उल्लेख गरिएका पुनरुत्थानमा प्रायजसो धर्मीहरूको पुनरुत्थानको बारेमा चर्चा गरेका थिए (अय्यूब १९:२५-२७, भजन ४९:१५, भजन ७१:२०, यशैया २६:२०)। तर दानिएल १२मा दुवै धर्मी र अधर्मीहरूको पुनरुत्थानको बारेमा चर्चा गर्छन्। जब मिखाएल उभिनु हुनेछ वा देखा पर्नुहुनेछ तब "अघि नै मरिसकेकाहरू मध्येबाट धेरै जना फेरि जीवित

हुनेछन्, कतिले अनन्त जीवन पाउनेछन्, कतिले अनन्त दण्ड भोग्नेछन्।" दानिएल १२:२।

कतिले यस पदमा येशूको दोस्रो आगमनमा केही निश्चित मानिसहरूको विशेष पुनरुत्थानको बारेमा चर्चा गरेको छ भनेर अर्थ लगाएको छ। तिनीहरूमा परमप्रभुप्रति दुवै निष्ठावान र उहाँलाई विश्‍वास नगर्ने वा विश्वासघातीहरू भनेर अर्थ लगाएका छन्।

"चिहानहरू खोले, र "पृथ्वीको धुलोमा सुतिरहेका भिडहरू उठ्नेछन्, कतिले अनन्त जीवन पाउनेछन्, कतिले अनन्त दण्ड भोग्नेछन्।" दानिएल १२:२। तीन स्वर्गदूतका सन्देशलाई विश्वास गरेर मर्नेहरू चिहानबाट महिमित भएर पुनरुत्थान हुनेछन्। उहाँका व्यवस्था पालन गर्नेहरूलाई परमप्रभुका शान्तिको करारको बारेमा सुन्न पाउनेछन्। 'जसले उहाँलाई घोचे' (प्रकाश १:७), जसले उहाँको धज्जी उठाए र क्रूसमा पीडादायी कष्ट भोगिहरेको येशूलाई गिल्ला गरे, उहाँको सत्य र उहाँका जनहरूलाई हिंस्रात्मक विरोध गर्नेहरूको पुनरुत्थान हुनेछ। तिनीहरूले उहाँको महिमा देख्नेछन् र उहाँका आज्ञाकारी र बफादारी भक्तहरूलाई गरेको सम्मान तिनीहरूले देख्न पाउनेछन्।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ६४७बाट रूपान्तरित।

## उपसंहारः

**थप जानकारीः** एलेन जी. ह्वाइटद्वारा लिखित *प्रोफेटस एण्ड किङ्सको* पृ. ७२२-७३३को "भिजनस् अभ फ्युचर ग्लोरी।

सबै पदार्थहरू आटम वा अणुहरूबाट बनिएको हो, तिनीहरूमा ससाना परमाणुहरू क्वार्क र लेपटन्स, जुन भौतिक पदार्थहरू निर्माण गर्ने बस्तुहरू हुन् भनेर आधुनिक विज्ञानले सिकाउँदछ। यदि भौतिक संसारका मूलमा क्वार्क र लेप्टनहरू छन् भने परमप्रभुले तिनीहरूलाई सृष्टि गर्नुहुनेले पुनरुत्थानमा पनि तिनीहरूलाई सृष्टि गरेर हामीलाई पुनरुत्थान गर्नुहुनेछैन र? पुनरुत्थानको बारेमा धज्जी उडाउँदै बिलायतका प्रख्यात नास्तिक बर्ट्रान्ड रसेलले सोधेका थिए, नरभक्षीहरूले मानिसहरूलाई खाए भने तिनीहरू के होला किनभने ती मानिसहरू नरभक्षीहरूको भाग बनेका छन्। त्यसबेला पुनरुत्थानमा को बौरि उठ्नेछन्? तर मानौं परमप्रभुले अणु, परमाणु, क्वार्क र लेप्टनसलाई अस्तित्वमा ल्याउनु हुनेले हामीहरूको बारेमा जानकारी भएको आधारमा के उहाँले ती अणु, परमाणु, क्वार्क र लेप्टनसलाई पुनसृष्टि गरेर हामीहरूको

पुननिर्माण गर्न सक्नुहुन्न र? खास गरेर भन्ने हो भने उहाँलाई सुरुको भौतिक तत्वको आवश्यक छैन। उहाँले जेबाट पनि हाम्रो पुननिर्माण गर्न सक्नुहुन्छ। वा साँच्चै भनौं भने नयाँ अणु, परमाणु, क्वार्क, लेप्टनसलाई उहाँको मुखको बोलिबाट अस्तित्वमा ल्याउनुभएर त्यहाँबाट के उनी अघि बढ्न सक्नुहुन्न र? जसरी उहाँले गर्नुभएतापनि सारा जगत सृष्टि गर्नुहुने परमप्रभुले हामीलाई पुनसृष्टि गर्नुहुनेछ, जुन मरेकाहरूको पुनरुत्थान गर्ने प्रतिज्ञा उहाँले गर्नुभएको थियो।

"पहिलो पुनरुत्थानमा जीवन दाताले आफ्नो मोल तिरेर किन्नुभएकाहरूलाई बोलाउनुहुनेछ। त्यसबेलासम्म जब विजयको क्षण हुँदैन, जब तुरहीको अन्तिम आवाज सुनिन्दैन र अनन्त विजयउल्लासको निम्ति ठूलो जमातको पुनरुत्थान हुँदैन तबसम्म प्रत्येक मरेका सन्तलाई सुरक्षित राखिनेछ र बहुमूल्य हिराको रूपमा सुरक्षा दिएर राख्नेछन्। ती सबैको नाउँ परमप्रभुलाई थाहा भएको हुन्छ। तिनीहरू बाँचिरहेको बेलामा मुक्तिदाताको शक्ति तिनीहरूमा थियो र तिनीहरूले ईश्वरीय स्वभावमा सहभागी भएका थिए, तिनीहरू मरेतापनि तिनीहरूलाई मृत्युबाट उठाउनेछन्।"-एलेन जी. ह्वाइटको टिप्पणी, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ४, पृ. ११४३बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. आकाशको नक्षेत्र जगतमा खरबौं खरब आकाशगङ्गाहरू छन्, ती भित्र खरबौं खरब ताराहरू छन्। कतिपय ती ताराहरूमा हाम्रा सौर्यमण्डलामा ग्रहहरू घुमिरहेको जस्तै तिनीहरूमा ग्रहहरू घुमिरहेका हुन्छन्। ती ताराहरू सृष्टि गर्नुहुनेमात्र होइन तिनीहरूलाई सम्हालि राख्ने परमप्रभुको अचम्मको शक्तिको बारेमा सोच्नु होस्। त्यतिमात्र होइन ती प्रत्येक ताराको नाउँ उहाँलाई थाहा छ ( भजन १४७:४)। त्यस अचम्मको वास्तविकताले त्यही परमप्रभुले मरेकाहरूको पुनरुत्थान गर्नुहुनेछ भनेर प्रमाणित नगरेतापनि त्यस अचम्मको शक्ति भएको परमप्रभुको हातमा पुनरुत्थानमात्रगर्नेमात्र होइन अरू अपार शक्तिहरू छन् भन्ने कुरामा हामीले शङ्का गर्ने कुनै ठाउँ छ त?**

**आ. पौराणिक समयमा विश्वासका साहसी बहादुरहरूको बारेमा हिब्रू ११मा उल्लेख गरिएको छ। येशूको पुनरुत्थान हुनु अघि नै ती पात्रहरूमा आशाको बारेमा ज्ञान थियो भनेर त्यस अध्यायले हामीलाई कसरी सिकाउँदछ?**

## कथा ४
## डकैतीमा परेको र आशिषित भएको
## रिचार्ड, न्यु जिलान्ड



८१ वर्षको रिचार्ड न्यु जिलान्डको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा भर्खर सरिक भएका थिए। एक दिन उनको घरमा चोरहरू पसेर उनलाई लुटेका थिए। तर उनको घरमा डकैती गर्दा उनको विश्वास झन बढेकोमात्र होइन चोरहरूलाई येशूको बारेमा सुनाउने अवसर पनि उनलाई मिलेको थियो।

न्यु जिलान्डको उत्तरमा रहेको ह्वानजरेइ सहरमा रिचार्डको घर छ। एक रात उनको घर तीन जना युवाहरूले फोडे। रिचार्ड मस्तसँग निन्द्रामा थिए जब एक जना चोर उनी सुतेको कोठाको झ्यालबाट भित्र पसे र अरूहरूको निम्ति अगाडिको ढोका खोलिदियो। प्रायजसो रिचार्ड सुत्नेबेलामा अलिकती केही आवाज आयोकि उठ्थे, तर त्यसबेला उनी मस्तसँग सुतिरहेका थिए। दुई जना १६ वर्ष र एक जना १४ वर्षको केटाहरूले उनको घर लुटदा पनि उनलाई थाहा थिएन।

अनि बाथरुम जान उनी उठे। केटाहरूले उनलाई वास्ता गरेन। उनी बाथरुमबाट आफ्नो औछ्यानमा फेरि फर्केर सुते। उनले तिनीहरूलाई देखेको थिएन। केटाहरूले उनको गराजमा रहेको कार हाँकेर लगे। रातमा कारको टायरले आवाज निकाल्दै डगुराए। तर छिमेकीले त्यो आवाज सुन्यो, अनि रिचार्डको ढोकामा ढकाउन पुग्यो। उसले धेरै ढकढकाएपछि रिचार्ड ब्युँझिए। हतास निराश हुनुको सट्टा आफ्नो गराज खाली भएकोमा उनलाई राहतको महसुस भयो। उनलाई केही हानी नभएकोले परमेश्वरले सुरक्षा गर्नुभएकोमा उनी खुशी थिए।

बीस मिनेट पछि उनको घरमा पुलिसहरू आए। तिनीहरूले रिचार्डलाई कार फर्काए त्यसभित्र कारका साँचोहरू थिए। अनि कुकुरहरूको सहयोगले ती केटाहरूको घरमा ती पुलिसहरू गए। तिनीहरूको घर केवल २ किलोमिटरमात्र टाढा थियो। रिचार्डको चोरिएको सामान पुलिसहरूले फर्काइ दिए। इलेक्ट्रोनिक टाबलेट, बिजुलीबाट चल्ने रेजर र पैसाको वालेट उनलाई दिए। ***तर यो त कथाको अन्त्य होइन।***

केटाहरूलाई सजायँ दिन रिचार्ड तिनीहरूको घरमा तीन पल्ट गए। तिनीहरूको पृष्ठभूमि थाहा पाएर रिचार्ड छक्क परेका थिए। तिनीहरूका बाबुआमाहरू सुसमाचारीय कार्यक्रममा सरिक भएका थिएन। तिनीहरू बज्यै र

काकीहरूको घरमा बस्दथे। जब केटाहरूले अलिकती पनि अभिमान नदेखाएर रिचार्डसँग माफी मागे उनको मन छोएको थियो।

"यो तिमीहरूको पहिलो डकैती हो। तिमीहरूले जे गऱ्यो त्यो मलाई मन परेको छैन। तर तिमीहरूको बिरुद्धमा म केही गर्न चाहन्न। म तिमीहरूलाई माफ दिन्छु। म आशा गर्छु किन तिमीहरूले फेरि त्यसो नगरोस्। तिमीहरूले पाठ सिक्यौ होला। तिमीहरूबाट क्षतीपूर्ति मलाई चाहन्न," रिचार्डले केटाहरूलाई सुनाए।

तर केटाहरूले आफूहरूले गरेको गल्तीलाई सच्याउन चाहेका थिए। एक जना केटाले रिचार्डको बाटो सफा गरिदियो। रिचार्डको लागि केक बनाएर दियो। अर्को दिन पुलिस अफिसरले एउटा खाममा ३६० डलर जतिको पैसा लिएर आयो।

"मलाई सोधभर्ना चाहिँदैन," पुलिस अफिसरलाई रिचार्डले भने। तर त्यो पैसा त्यस केटाबाट हो जसले उनलाई र उनको बाजेलाई अङ्गालो मारेका थियो। यो उसको कोहा वा उपहार हो। यो न्यु जिलान्डको मोरी जातिको चलन अनुसार थियो।

रिचार्डले त्यस केटाको बाजेलाई लामो पत्र लेखे। असल बाजे भएकोले उनले धन्यवाद दिएका थिए।

रिचार्डको तीन पल्टको भेटमा ती केटाहरू अब दुःख नदिने भएका थिए। पुलिसले तिनीहरूको नाउँ अपराधीहरूको नाउँबाट मेटाए।

रिचार्ड टिकपुङ्गा एडभेन्टिस्ट चर्चमा उनको घर फोर्नुभन्दा केही दिन अघिमात्र सरिक भएका थिए। यो लफडाले उनको विश्वास बढायो भनेर चर्चमा उनले सुनाए।

जब उनको घरमा चोरी भयो तब उनले चोरहरूलाई नदेख्नु उनको निम्ति अचम्मको काम थियो। उनको मुटु कमजोर थियो। दुई वर्ष अघिमात्र उनलाई हृदयघात भएको थियो।

"प्रायजसो अलकति खिटिक्क भयो कि म ब्युँझिन्थें। ८० वर्षको उमेरदेखिमा म एक्लै भएकोले रातमा के हुन्थ्यो त्यसप्रति म चनाखो हुन्थें। त्यस दिन मलाई परमेश्वरको महिमा, प्रेम र कोमलताले छोपेको थियो भन्ने कुरामा म विवाद गर्न चाहन्न। त्यस रात यदि मैले ती केटाहरूलाई देखेको भए म हृदयघात भएर मर्थें," उनले सुनाए।

उनले ती केटाहरूसँग हेमचेम गर्न र उत्साह दिन पाएकोमा आफू आशिषित भएकोपनि उनले भने।

"अचम्म तरिकाले परमेश्वरको निगाहा ममाथि भएकोले त्यसबेलादेखि म इसाई कदममा अत्यन्तै खुशी भएर हिँडिरहेको छु," उनले बताए।

-मेरी एलेन हाक्को